# जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
# JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग, सम्पर्क : ९८०२७९६१९६

## छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१ पुष ०६ गते)

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०५ गते शुक्रबार बसेको १११ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८१/०९/२८ गते आइतवार (तदनुसार १२ जनवरी, २०२५)**

**समय : बिहान १०:३० बजे ।**

**स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग ।**

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

(४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,३४,७५,१८,९००/- को ०.७३६८ प्रतिशतले हुन आउने रु. ९९,२९,०८७/- (अक्षरेपी उनान्सय लाख उनान्तीस हजार सतासी मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि समेत) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(५) संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

(१) सञ्चालक समितिले सिफारीश गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,३४,७५,१८,९००/- को १४ प्रतिशतले हुन आउने रु. १८,८६,५२,६४६/- (अक्षरमा अठार करोड छयासी लाख बाउन्न हजार छ सय छयालीस मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(२) बोनस शेयर जारी गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. १,५३,६१,७१,५४६/- (अक्षरमा एक अर्ब त्रिपन्न करोड एकसट्ठी लाख एकहत्तर हजार पाँच सय छयालीस मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(३) बोनस शेयर जारी गरे पश्चात् वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

(४) अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु बृद्धि/परिमार्जन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने ।

(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समभ्कदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :

१. छैठौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१६ गते १ दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१५ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर पाउन योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनुपर्नेछ ।

३. छैठौं वार्षिक साधारण सभाको प्रतिवेदन वित्तीय संस्थाको वेवसाईटमा राखिने छ र सो बाट प्राप्त गर्न तथा अध्ययन गर्न सकिनेछ । साथै वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौबाट समेत प्राप्त गर्न सकिनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेक कुनै भोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।

५. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी-२, मोरङ्गमा दर्ता गराई सक्नुपर्नेछ ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले सम्बोधन गर्न सक्नेछन् ।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. संस्थापक शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन प्रकृया तथा कार्यक्रम वित्तीय संस्थाको **"सञ्चालक निर्वाचन निर्देशिका, २०८१"** बमोजिम हुनेछ । निर्वाचन सम्बन्धी कार्यक्रम तालिका साधारण सभा हुने दिनभन्दा ७ दिन अगावै वित्तीय संस्थाको सूचना पाटी एवं निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ ।

१०. संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाता नामावलीमा नाम दर्ता भएको शेयरधनीले वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था बमोजिम न्युनतम संस्थापक शेयर आफ्नो नाममा लिएको हुनुपर्ने छ । संगठित संस्थाका प्रतिनिधिलाई संचालक पदको निर्वाचनमा उम्मेदवारी दिन योग्य मानिनेछ । साथै प्रचलित नेपालको कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिएका निर्देशनहरु तथा वित्तीय संस्थाको निर्वाचन निर्देशिका बमोजिम अयोग्यता नठहरिएको शेयरधनी उक्त संचालकको उम्मेदवार हुन योग्य हुनेछन् ।

११. "सञ्चालक निर्वाचन निर्देशिका, २०८१" प्राप्त गर्न चाहेमा यस वित्तीय संस्थाको नाममा नबिल बैंक लिमिटेडमा रहेको खाता नं. ०७०१०१७५०१०२८ मा रु. २००/- जम्मा गरी सो को भौचर वा क्रेडिट एड्भाईस यस वित्तीय संस्थाको ईमेल info@jeevanbikasmf.com मा पठाउनु भएमा ईमेल मार्फत सो निर्देशिका उपलब्ध गराईनेछ ।

१२. सभा सम्बन्धि अन्य काम कार्वाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

१३. छैठौं वार्षिक साधारण सभा सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ९८०२७९६१९६ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।